# जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको

## प्रबन्धपत्र, २०३५

## (Memorandum of Association)

शुरुमा जारी भएको मिति :- २०३५/०६/०८
प्रथम संशोधन मिति :- २०५५/०४/०८
दोस्रो संशोधन मिति :- २०६२/०९/०३
तेस्रो संशोधन मिति :- २०६९/०१/३१
चौथो संशोधन मिति :- २०७५/०५/१६

१. **कम्पनीको पूरा नाम** : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड *हुनेछ ।

२. *(क) **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** :- यस कम्पनीको रजिष्टर्ड कार्यालय भक्तपुर जिल्ला मध्यपुर-ठिमी नगरपालिका वडा नं.२ ब्लक नं. …… मा रहनेछ ।

*(ख) **कम्पनीको कारोवार गर्ने स्थान** : यस कम्पनीको कारोवार गर्ने स्थान नेपाल ♣♣♣राज्यभित्र र आवश्यकतानुसार सम्बन्धित मन्त्रालयको स्वीकृति लिई नेपाल ♣♣♣राज्य बाहिर समेत रहन सक्नेछ ।

३. **कम्पनीको उद्देश्य** : **कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :

(१) नेपाल सरकारको ♣शिक्षा नीतिको उद्देश्य परिपूर्तिका निमित्त आवश्यक शैक्षिक सामग्रीहरू ♣♣(पाठ्यसामग्री, पम्प्लेट, पोष्टर, स्टिकर आदि) को निर्माण, विकास तथा उत्पादन गरी उचित मूल्यमा उपलव्ध गराउने ।

*(२) यो कम्पनीको उद्देश्य सेवा मूलक हुनेछ ।

(३) *उपदफा (१) बमोजिम उद्देश्य पूर्तिका निमित्त यस कम्पनीले निम्न कामहरू गर्नेछ :

(क) निर्धारित पाठ्यक्रम अनुरूप विद्यालय तहको पाठ्यपुस्तक, शिक्षक निर्देशन पुस्तिका, अभ्यास पुस्तिका, चार्ट, कार्ड आदिको निर्माण, विकास मुद्रण तथा बिक्री वितरणको व्यवस्था गर्ने ।

♣(ख) नेपाल सरकारको अनुरोधमा उचित मूल्य लिई शिक्षा नीति तथा योजनाको प्रचार सामग्री, अनौपचारिक शिक्षा सामग्री आदिको मुद्रणको व्यवस्था गर्ने ।

♣(ग) नेपाल सरकारको नीति अनुरूप नेपाल सरकारबाट लागत खर्च लिई पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्री निःशुल्क वितरण गर्ने ।

---

* प्रथम संशोधनद्वारा संशोधित ।
** प्रथम संशोधनद्वारा थप गरिएको ।
♣ तेस्रो संशोधनद्वारा संशोधित ।
♣♣ तेस्रो संशोधनद्वारा थप गरिएको ।
♣♣♣ तेस्रो संशोधनद्वारा झिकिएको ।

(घ) विद्यालय तहमा विज्ञान अध्यापनमा आवश्यक विज्ञान सामग्रीहरू निर्माण, विकास, उत्पादन तथा बिक्री वितरणको व्यवस्था गर्ने, गराउने ।

(ङ) कम्पनी सुचारु रुपले सञ्चालन गर्न आवश्यक सामग्री बजार खरीद गर्ने र विदेशबाट झिकाउने । त्यस्ता सामान सप्लाई गर्ने स्वदेशी वा स्वीकृति प्राप्त गरी विदेशी कम्पनीको एजेन्सी समेत लिने ।

*(च) नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा अन्य संघ संस्थाहरूको अनुरोध भएमा उचित मूल्यमा छपाई सम्बन्धी कार्य गरी सेवा उपलब्ध गराउने ।

(छ) कम्पनीको प्रयोजनका लागि आवश्यक घर, जग्गा, गोदाम, क्वार्टर खरीद गर्ने, बनाउने, भाडामा लिने र प्राप्त गर्ने ।

(ज) कार्य सञ्चालन गर्न देशका विभिन्न स्थानमा स्वीकृति लिई शाखा, उपशाखा, सम्पर्क कार्यालय खोल्ने, एजेन्सी खडा गर्ने, एजेन्ट र डिलरहरूको नियुक्ति गर्ने ।

(झ) केन्द्रको आफ्नै डिजाइन र ट्रेडमार्क रजिष्टर्ड गराउने, प्राप्त गर्ने र विकास गर्ने ।

(ञ) बैंकहरूमा कम्पनीको खाता खोल्ने, कम्पनीको कारोवार, बिल अफ एक्सचेन्ज, चेक, ड्राफ्ट, हुण्डी तथा निगोसियबल लिखितहरू जारी गर्ने, काट्ने, बनाउने, स्वीकार गर्ने, सही गर्ने, भुक्तान गर्ने ।

(ट) कम्पनीको काम कारवाही र प्रबन्धका लागि *प्रबन्ध सञ्चालक ♣♣तथा आवश्यकतानुसारको अन्य कर्मचारीहरू लगायत **कम्पनी सचिव, स्वदेशी वा विदेशी विशेषज्ञ तथा अन्य आवश्यक कर्मचारीहरू नियुक्ति गर्ने, बर्खास्त गर्ने, तिनीहरूको तलब भत्ता, बोनस, अनुदान, अन्य सुविधा र कर्तव्य तथा अधिकार तोक्ने ।

*(ठ) कम्पनी ऐन, २०६३ को रीत पुऱ्याई कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

(ड) कम्पनी ऐन, २०६३* अनुसार रीत पुऱ्याई साधारण सभाको स्वीकृति तथा सम्बन्धित मन्त्रालयको स्वीकृति लिई कम्पनीको पूँजी बढाउने, शेयरहरूलाई प्रिफरेन्सियल, डिफर्ड इत्यादि विभिन्न श्रेणीमा विभाजन गर्ने ।

(ढ) स्वीकृति लिनुपर्ने भएमा सो समेत लिई कम्पनीका निमित्त आवश्यक कच्चा पदार्थ निर्माण गर्ने वा वस्तु उत्पादनको सिलसिलामा निस्केका पदार्थहरूलाई प्रयोगमा ल्याउने उद्देश्य लिई अन्य सहायक कारखाना आदि खोल्ने ।

(ण) कम्पनीको काम कारवाहीका सम्बन्धमा नेपाल सरकार वा नेपाल सरकारको सङ्गठित संस्था वा अन्य संस्था वा व्यक्तिसंग आवश्यक सम्झिएको सम्झौता गर्ने, ठेक्का पट्टा लिने दिने ।

(त) कम्पनीलाई तुरुन्त दरकार नपर्ने रुपैयाँहरू ***मजबुत सेक्योरिटिजमा लगानी गर्ने र सो लगानी गरेको रकम असूल उपर गर्ने ।

---

* प्रथम संशोधनद्वारा संशोधित ।

** प्रथम संशोधनद्वारा थप गरिएको ।

*** प्रथम संशोधनद्वारा झिकिएको ।

♣♣ तेस्रो संशोधनद्वारा थप गरिएको ।

(थ) कम्पनीको उत्पादन तथा व्यवस्थामा सुधार ल्याउन कर्मचारीहरूलाई तालिम दिने प्रबन्ध गर्ने तथा छात्रवृत्ति प्राप्त गरी तालिम लिन पठाउने व्यवस्था गर्ने ।

(द) कम्पनीको तर्फबाट आवश्यक परेको मुद्दा मामिला गर्ने, प्रतिरक्षा परित्याग गर्ने, मिलापत्र गर्ने आदि गर्नु पर्ने सम्पूर्ण कार्य गर्ने ।

(ध) कम्पनीको काम कारवाही तथा कर्मचारीको सम्बन्धमा प्रबन्धपत्र तथा नियमावलीको प्रतिकूल नहुने गरी आफ्नो छुट्टै आन्तरिक नियमावली बनाउने ।

**(ध १) कम्पनीले आफ्नो उद्देश्य कार्यान्वयन गर्नु अघि प्रचलित नेपाल कानून बमोजिम अनुमति वा ईजाजत लिनु पर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गर्नेछ ।

**(ध २) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तिय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने ।

**(ध ३) कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

**(ध ४) कम्पनीलाई आवश्यक पर्ने कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स, इ-मेल, इन्टरनेट जस्ता अफिस सामान र सुविधाहरू खरीद गर्ने तथा भाँडामा लिने ।

**(ध ५) कम्पनीलाई आवश्यक पर्ने सवारीका साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

*(न) कम्पनीको उद्देश्य पूर्तिका लागि सहायक हुने वा अन्य गर्नु पर्ने काम कारवाही गर्ने ।

♣♣(प) सुरक्षण एवम् गोप्य छपाई सम्बन्धी कार्य गर्ने ।

(४) यो कम्पनी, कम्पनी ऐन, २०२१ अन्तर्गत गठन गरिएको पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरूको दायित्व निजहरूले लिन कबुल गरेको शेयरको अधिकतम *रकमसम्म मात्र सीमित रहनेछ ।

☞☞(५) **कम्पनीको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्या** :

(क) कम्पनीको अधिकृत पूँजी ५० करोड रूपैया हुनेछ । उक्त पूँजीलाई रु. १०० का दरले ५० लाख थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको आफ्नो अधिकृत पूँजिमध्ये तत्काल जारी गरिने पूँजी ४५,६३,८०,६२५।- हुनेछ ।

*(६) **शेयर खरीद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा** :

(क) प्रस्तुत कम्पनी नेपाल सरकारको स्वामित्वमा रहेको हुनाले नेपाल सरकारको निर्णय अनुसार सञ्चालक समितिले आवश्यक विधि अपनाई कम्पनीको शेयर बिक्री वितरण तथा बाँडफाँड वा दाखिला खारेज गर्न सक्नेछ ।

---

** प्रथम संशोधनद्वारा थप गरिएको ।
♣♣ तेस्रो संशोधनद्वारा थप गरिएको ।

☞ तेस्रो संशोधनद्वारा संशोधित ।
☞ चौथो संशोधनद्वारा संशोधित ।

(ख) कम्पनीको शेयर साधारणतया सर्वसाधारणलाई खुला रुपमा खरिदका लागि आह्वान गरिने छैन ।

तर कम्पनीको शेयर सर्वसाधारणलाई बिक्री वितरण गर्न आवश्यक भएमा कम्पनी ऐन, २०६३ को रीत पुऱ्याई नेपाल सरकारको स्वीकृति प्राप्त गरी निजी क्षेत्रलाई शेयर बिक्री वितरण गर्न सकिनेछ ।

(ग) खण्ड (ख) बमोजिम कम्पनीको शेयर सर्वसाधारणलाई बिक्री वितरण गर्दा विवरणपत्र प्रकाशित गरिनेछ ।

☞☞(७) **संस्थापकहरूले लिन कबुल गरेको शेयर संख्या** :

| **क्र.सं.** | **संस्थापकको नाम, थर, वतन र सहिछाप** | **शेयर संख्या** | **साक्षीको नाम थर, वतन, सहिछाप** |
|---|---|---|---|
| १ | संस्थापक :- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र महालेखा नियन्त्रक कार्यालय<br>नाम :- श्री खगराज बराल, सचिव<br>ठेगाना :- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवाबार, काठमाडौं ।<br>हस्ताक्षर :- | २२८१,९०३.०० | नाम :-श्री महेशप्रसाद तिमिल्सेना<br>प्रबन्ध सञ्चालक<br>ठेगाना :-ज.शि.सा.के.लि., सानोठिमी, भक्तपुर ।<br>हस्ताक्षर :- |
| २ | संस्थापक :- अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालय<br>नाम :- श्री शंकरकृष्ण श्रेष्ठ<br>सह-महालेखा नियन्त्रक<br>ठेगाना :- महालेखा नियन्त्रण कार्यालय, अर्थ मन्त्रालय<br>हस्ताक्षर :- | २२,८१,९०३.२५ | नामः- श्री कृष्णबहादुर कटवाल<br>नि. प्रमुख, मानव संसाधन तथा वित्त निर्देशनालय<br>ठेगाना :-ज.शि.सा.के.लि., सानोठिमी, भक्तपुर ।<br>हस्ताक्षर :- |

**(८) ..........**

**द्रष्टव्यः** यसमा "कम्पनी ऐन, २०५३" भन्ने शब्दहरूको सट्टा "कम्पनी ऐन, २०६३" भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको छ ।

☞ तेस्रो संशोधनद्वारा संशोधित ।
☞ चौथो संशोधनद्वारा संशोधित ।
** प्रथम संशोधनद्वारा संशोधित ।